# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यसम, ओखलढुंगा
## प्रदेश नं. १ नेपाल

प.सं. ०७९/८०

सूचना नं. १८

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७९/०९/१९)

यस लिखु गाउँ कार्यपालिकाको मिति २०७९/०९/१५ गतेको बैठकको निर्णयानुसार स्वीकृत दरबन्दी, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवा ईकाई अन्तर्गत रिक्त रहेका देहायमा उल्लेखित पद र संख्याका कर्मचारीहरुको आवश्यकता भई सेवा करार अन्तर्गत पदपूर्ति गर्नु पर्ने भएको हुँदा इच्छुक योग्य उम्मेद्वारहरुलाई दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | वि.नं. | सेवा | पद | तह | माग संख्या | आवश्यक न्यूनतम योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०५-०७९/८० | ईञ्जिनियरिङ्ग | सिभिल ईञ्जिनियर | स्थानीय सेवाको छैठौं तह सरह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण गरेको वा सो सरह । | १०००।- |
| २ | ०६-०७९/८० | ईञ्जिनियरिङ्ग | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईञ्जिनियरिङ्ग विषयमा प्रविणता तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण गरेको वा सो सरह , कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त । | ५००।- |
| ३ | ०७-०७९/८० | विविध | फिल्ड सहायक | स्थानीय सेवाको सहायक चौंथो तह सरह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./एस.ई.ई. प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको । | ५००।- |
| ४ | ०८-०७९/८० | विविध | कार्यालय सहयोगि | श्रेणि विहिन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./एस.ई.ई. प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको । | ५००।- |

द्रष्ट्व्यः

१. **दरखास्त दिने अन्तिम मितिः-** प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७९/१०/०३ गते) ।

२. **दरखास्त फारम र दरखास्त दस्तुर बुझाउने स्थानः-** लिखु गाउँ कार्यपालिकाको कार्यालय, सामान्य प्रशासन शाखा ।

३. **दरखास्त फारमको साथमा पेश गर्नु पर्ने कागजातहरुः-** नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, न्यूनतम योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि, पासपोर्ट साईजमा हालसालै खिचेको फोटो ३ प्रति, विज्ञापनमा उल्लेखित पदहरु मध्ये सम्वन्धित विषयको परिपदमा दर्ता हुनु पर्ने प्रावधान रहेका पदहरुका लागि उक्त परिषदमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि र सम्वन्धित पदमा अनुभव वा थप तालिम प्राप्त गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपि ।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

४. **उमेरः-** सिभिल ईञ्जिनियर तथा कार्यालय सहयोगीको हकमा कम्तिमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तर महिलाको हकमा ४० बर्ष ननाघेको, प्राविधिक सहायकको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको तथा फिल्ड सहायकको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

५. **परीक्षाको किसिमः-** विज्ञापन नं. ०५-०७९/८० को हकमा प्रारम्भिक योग्यताक्रमको सूची, लिखित (वस्तुगत, विषयगत) र अन्तर्वार्ता, विज्ञापन नं. र ०६-०७९/८० को हकमा प्रारम्भिक योग्यताक्रमको सूची, लिखित (वस्तुगत) र कम्प्युटर प्रयोगात्मक परीक्षण, विज्ञापन नं. ०७-०७९/८० को हकमा प्रारम्भिक योग्यताक्रमको सूची र अन्तरवार्ता तथा विज्ञापन नं. ०८-०७९/८० को हकमा प्रारम्भिक योग्यताक्रमको सूची, लिखित (वस्तुगत) र अन्तर्वार्ता मात्र हुनेछ ।

६. **पाठ्यक्रमः-** विज्ञापन नं. ०५-०७९/८० को हकमा प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १, विराटनगरले निर्धारण गरेको पाठ्यक्रम वमोजिम, ०६-०७९/८० को हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को अनुसूची ६ बमोजिम तथा विज्ञापन नं. ०८-०७९/८० को हकमा लिखु गाउँपालिकाको कर्मचारी छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ।

७. **प्रारम्भिक सूचीको नतिजा प्रकाशन मितिः-** २०७९/१०/०४ गते ।

८. पदपूर्ति सम्बन्धी अन्य व्यवस्था यस गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५, स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ तथा सेवा ईकाईका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ अनुसार हुनेछ ।

९. पदपूर्ति सम्बन्धि अन्य विवरण तथा दरखास्त फारम गाउँपालिकाको Website:- www.likhumunokhaldhunga.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत